# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)

# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)

## प्रेस विज्ञप्ती

### सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५ लागू भएको सम्बन्धमा ।

नेपाल धितोपत्र बोर्डबाट सूचीकृत संगठित संस्थाहरुको काम कारवाहीलाई नियमित एवं व्यवस्थित गरी शेयरधनी लगायत अन्य सम्पूर्ण सरोकारवाला पक्षहरु प्रति सम्बन्धित संस्थालाई उत्तरदायी बनाई धितोपत्र बजारलाई थप व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन २०७४ माघ २५ मा सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ छ महिनाको समय दिई यही २०७५ साउन १ देखि लागू गर्ने निर्णय गरेको थियो । यसै सन्दर्भमा निर्देशिकामा भएका व्यवस्थाहरुको बारेमा सूचीकृत कम्पनीलाई अभिमुखीकरण गर्ने तथा निर्देशिकाका व्यवस्थाहरुको परिपालना गर्नमा हुनसक्ने व्यवहारिक कठिनाई बुझ्ने र अन्य सरोकारवाला पक्षहरुको राय र सुझाव लिने उद्देश्य लिई सूचीकृत कम्पनीका प्रमुख कार्यकारी अधिकृत र प्रमुख वित्तीय अधिकृतहरु तथा अन्य सरोकारवाला पक्षहरुका प्रतिनिधिहरुसँग मिति २०७५ असार २६ मा अन्तरक्रिया र छलफल कार्यक्रम गरी प्राप्त सुझाव/प्रतिकृयाहरुको आधारमा उक्त निर्देशिकामा देहाय बमोजिम संशोधन गरी लागू गर्ने निर्णय गरेको छ ।

१) सञ्चालकले अन्य कुनै पनि संस्थाको तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गर्नु हुँदैन भन्ने व्यवस्था रहेकोमा सोलाई संशोधन गरी सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गर्नु हुँदैन । तर नेपाल सरकारले नियुक्त गरेका सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन साथै कुनै संस्थाको सहायक कम्पनी भएमा त्यस्तो सहायक कम्पनीमा मुख्य संस्थाको प्रतिनिधिको रुपमा सञ्चालक नियुक्त गर्न सकिनेछ भन्ने व्यवस्था गरिएको ।

२. परिपालन अधिकृतले ऐन, नियमावली तथा नियमनकारी निकायबाट समय समयमा जारी भएको निर्देशन तथा निर्देशिका बमोजिम गर्नु पर्ने विषयका सम्बन्धमा सम्बन्धित संस्थाबाट पालना भए वा नभएकोबारे प्रतिवेदन तयार गरी सञ्चालक समितिबाट स्वीकृत गराई त्यस्तो प्रतिवेदनलाई लेखा परीक्षकबाट प्रमाणित गराउनु पर्ने र सो प्रतिवेदन सम्बन्धित संस्थाको बार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था गरिएको ।

३. कुनै सूचिकृत संस्थाबाट पारिश्रमिक र अन्य सुविधा प्राप्त हुने गरी पदमा बहाल रहेको व्यक्ति अर्को सूचिकृत संस्थाबाट पारिश्रमिक र अन्य सुविधा पाउने गरी नियुक्त हुन नसक्ने व्यवस्था गरिएको । साथै स्वतन्त्र सञ्चालकको नियुक्त गर्दा प्रचलित कानून बमोजिम व्यवस्था भएकोमा सोही बमोजिम गर्नु पर्ने व्यवस्था गरिएको ।

Post Box No. : 9031, Jawalakhel, Lalitpur, Nepal
Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433
Fax No : 5541058, Email : support@sebon.gov.np, Website : www.sebon.gov.np

४. संस्थामा सञ्चालकको संयोजकत्वमा एक लेखापरीक्षण समितिको गठन गर्नु पर्ने र सो समितिमा रहने सदस्यसँग संस्थामा कम्तीमा एक जना सदस्य लेखा वा वित्त बिषयमा विज्ञ वा तीन वर्षको वित्तिय क्षेत्रमा अनुभव प्राप्त रहेको हुनु पर्ने व्यवस्था गरिएको । साथै खरिद प्रकृयालाई व्यवस्थित र पारदर्शी वनाउन प्रत्येक संस्थाले खरिद बिनियमावली/कार्यविधि बनाई लागू गर्नु पर्ने व्यवस्था गरिएको ।

५. संस्थाको व्यवसायको गोपनियतामा पर्न सक्ने असरलाई मध्य नजर गरी संस्थाको सञ्चालक समितिबाट पारित भएका निर्णय (माइन्युट) सार्वजनिक गर्नुपर्नेको सट्टा धितोपत्रको मूल्यमा असर पर्न सक्ने संवेदनशील निर्णय नियमित रूपमा सार्वजनिक गर्नु पर्ने व्यवस्था गरिएको ।

६. सञ्चालक समितिमा एकाघर परिवारमा बसोबास गरी आएका वा छुट्टाभिन्न भएका पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाइ, तथा दिदी, बहिनीबाट एकभन्दा बढी सञ्चालक नियुक्त भएको अवस्थामा सो सम्बन्धमा बार्षिक प्रतिवेदनमा समेत उल्लेख गर्नु पर्ने व्यवस्था गरिएको ।

७. पाँच हजार कित्तासम्म शेयर लगानी गर्ने तथा चुक्ता पूँजी पाँच लाख रुपैयाँसम्म रकम लगानी गर्ने लगानीकर्तालाई साना लगानीकर्ता भन्ने व्यवस्था रहेकोमा सोलाई संशोधन गरी चुक्ता पूँजीमा पच्चास हजार रुपैयाँसम्म रकम लगानी गर्ने लगानीकर्तालाई साना लगानीकर्ता भनिएको ।

संशोधित यस निर्देशिकालाई बोर्डको वेभसाइट www.sebon .gov.np मार्फत हेर्न सकिने छ ।

प्रस्तुत निर्देशिकाले सूचना तथा जानकारी प्रवाह, सञ्चालक समिति, अध्यक्ष, सञ्चालक तथा आचरण, जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, संगठन संरचना, कर्मचारी तथा परिपालन अधिकृत, लेखा तथा लेखा परीक्षण तथा संगठित संस्थाले गर्नुपर्ने तथा गर्न नहुने कार्यहरु सम्बन्धी व्यवस्थाहरु समावेश गरी संस्थागत सुशासन कायम गर्न जोड दिएको छ । यो निर्देशिकाको कार्यान्वयनमा सरोकारवालाहरुको सहयोगको अपेक्षा गरिएको छ ।

सरोकारवालाहरुको सुझावलाई समेत मध्यनजर गरी संशोधन गरिएको यो निर्देशिका लागू भए पश्चात सूचीकृत संगठित संस्थाहरुको कामकारबाहीलाई नियमित तथा व्यवस्थित भई धितोपत्र बजारलाई व्यवस्थित, पारदर्शी तथा जवाफदेही बनाई संस्थागत सुशासन प्रवर्द्धन गर्न सहयोग पुग्ने बोर्डको अपेक्षा रहेको छ ।

मिति:२०७५।०३।३२

प्रवक्ता